# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

ड २७ ] काठमाडौं पुस २५ गते २०३४ साल [ संख्या ३८

श्री ५ को सरकार

### राष्ट्रिय योजना आयोगको सचिवालयको

### सूचना

औद्योगिक तथ्याङ्क संकलन आदेश, २०३४

तथ्याङ्क ऐन, २०१५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो आदेशको नाम "औद्योगिक तथ्याङ्क संकलन आदेश, २०३४" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: यस आदेशमा "विभाग" भन्नाले केन्द्रीय तथ्याङ्क विभाग सम्झनुपर्छ ।

३. औद्योगिक तथ्याङ्क संकलन गर्ने : विभागले तोकेको कुनै खास अवधिभित्र नेपाल अधिराज्यको जुनसुकै ठाउँमा स्वचालित शक्ति यन्त्र प्रयोग गरेकोमा जतिसुकै कामदार लगाएको भए पनि र त्यस्तो यन्त्र प्रयोग नगरेकोमा दश वा सोभन्दा बढी कामदार लगाएको कुनै औद्योगिक प्रतिष्ठानको सम्बन्धमा अनुसूचीमा उल्लिखित विवरण तथ्याङ्क संकलन गर्न सकिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. अधिकृतहरूको नियुक्ति र मनोनयन : विभागले दफा ३ बमोजिम औद्योगिक तथ्याङ्क संकलन गर्ने कामको लागि अधिकृत तथा अन्य कर्मचारीहरू नियुक्त गर्न वा तोक्न सक्नेछ ।

५. अधिकृतहरूको काम, कर्तव्य र अधिकार : (१) दफा ४ बमोजिम औद्योगिक तथ्याङ्क संकलन गर्ने अधिकृतले आफू तोकिएको जिल्ला वा क्षेत्रमा तोकिएको अवधिभित्र गई सम्बन्धित औद्योगिक प्रतिष्ठान संचालन गर्ने जिम्मेदार व्यक्तिसंग सोधपूछ गरी अनुसूचीमा उल्लिखित कुराहरूसंग सम्बन्धित विषयको विवरणको सही जानकारी प्राप्त गरी विभागले तोकेको ढाँचाबमोजिमको फाराममा उक्त विवरण भर्नु भराउनु पर्छ ।

(२) उप-दफा (१) बमोजिम भरिएका फारामहरूलाई तथ्याङ्क संकलन गर्ने अधिकृतले विभागले तोकेको अवधिभित्र तोकेको अधिकृत वा कार्यालयमा बुझाउनुपर्छ ।

(३) तथ्याङ्क संकलन गर्ने अधिकृतले उप-दफा (१) बमोजिमको तथ्याङ्क संकलन गर्ने काममा लागेको अवधिको निमित्त श्री ५ को सरकारले तोकिदिएबमोजिम पारिश्रमिक र भत्ताहरू पाउनेछ ।

६. तथ्याङ्क संकलन गर्ने काममा सहयोग : औद्योगिक तथ्याङ्क संकलन गर्ने काममा विभाग र तथ्याङ्क संकलन गर्ने अधिकृतलाई सबै तरहले सहयोग गर्नु श्री ५ को सरकारको सबै कार्यालयहरूका कर्मचारी, स्थानीय पञ्चायतको सदस्य र औद्योगिक प्रतिष्ठानका सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ ।

७. संकलित तथ्याङ्कको उपयोग : संकलित तथ्याङ्कलाई विभागले सम्पादन गरी त्यस्को आधारमा औद्योगिक तथ्याङ्कबारे प्रतिवेदन तयार पारी श्री ५ को सरकार समक्ष पेश गरी स्वीकृत भएपछि प्रकाशित गर्नेछ ।

तर प्रतिवेदन तयार भई प्रकाशित नहुँदै पनि विभागले उचित देखेमा संकलित तथ्याङ्कबाट तयार गरिएको सामूहिक तथ्याङ्क पूरै वा आँशिक रूपमा विशेष अध्ययन वा अन्वेषण गर्ने व्यक्ति वा संस्थालाई शर्त तोकी उपलब्ध गराउन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची

१. औद्योगिक प्रतिष्ठानको नाम
२. औद्योगिक प्रतिष्ठानको ठेगाना
३. मुख्य उत्पादन
४. सहायक उत्पादन
५. उत्पादन प्रारम्भ गरेको साल र महीना
६. उत्पादन प्रारम्भ भएपछि बीचमा केही समयको लागि उत्पादन कार्य बन्द भएको थियो भने बन्द हुनाको कारण
७. औद्योगिक प्रतिष्ठानको वैधानिक स्थिति
८. लेखा कारोबारको अवधि (एकाउण्टिङ पिरियड)
९. आर्थिक स्रोत (पूँजी र ऋण)
१०. वर्षभरिमा कार्यालय चालू रहने अवधि
११. दिनमा काम हुने मोटामोटी समय (घण्टामा)
१२. काममा लागेका व्यक्तिलाई दिइने जिन्सी सुविधा (कल्याणकारी खर्चसमेत)
१३. श्रमिकसम्बन्धी विवरण र तलब ज्याला
१४. स्थायी सम्पत्तिसम्बन्धी विवरण
१५. कोरा तथा अर्ध उत्पादित मालको खरीद, उपभोग तथा मौज्दात र अन्य लागत खर्च
१६. मुख्य कोरामालको स्रोत
१७. मुख्य कोरामाल विदेशबाट झिकाउनु परेको भए सोको कारण
१८. मुख्य कोरामाल स्थानीय र विदेशी दुवै भए स्थानीय स्रोतको प्रतिशत
१९. अन्य खर्च
२०. शक्ति यन्त्र र त्यसको मौलिक क्षमता
२१. इन्धन र विद्युत् शक्तिको उपभोग तथा उपयोग
२२. प्रमुख तथा सहायक वस्तुको मौज्दात, वार्षिक उत्पादन, बिक्री र निर्यात
२३. उत्पादित वस्तुको बिक्री बाहेक अन्य स्रोतबाट प्राप्त रकम

आज्ञाले–

शिवनारायण दास
राष्ट्रिय योजना आयोगको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६२८

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।